# प्रभाव दैनिक

National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २७२ | काठमाडौं | बुधबार, १८ माघ २०७९ | Prabhab National Daily | Wednesday, February 1, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## साढे २४ अर्ब चालु खर्च कटौतीको निर्णय

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्रोत व्यवस्थापनमा सकस बेहोरिरहेको सरकारले विभिन्न शीर्षकका चालु खर्च कटौती गर्ने भएको छ । अर्थ मन्त्रालयले अनावश्यक खर्च नियन्त्रण गर्न विभिन्न शीर्षकका चालु खर्च कटौतीको निर्णय गरेको हो । सरकारी वित्त सन्तुलन कायम राख्न खर्च कटौती र खर्च रोक्का हुने र खर्च रोक्का राख्दा करिब १४ अर्ब रुपैयाँ बराबरका कार्यक्रम स्थगन हुने अर्थ मन्त्रालयले जनाएको छ ।

बजेट खर्च प्रणालीलाई पुनःप्राथमिकीकरण गरी राष्ट्रिय गौरव र रुपान्तरणकारी आयोजना तथा रोजगारी सिर्जनामा महत्त्वपूर्ण योगदान गर्ने आयोजनामा खर्च बढाउने निर्णय मन्त्रालयले गरेको छ । संघीय सरकारको सबै

- इन्धन, मर्मतसम्भार, मसलन्द तथा कार्यालय सामग्री, पत्रपत्रिका, छपाइ तथा सूचना प्रकाशन, सेवा र परामर्शलगायत शीर्षकमा २० प्रतिशत खर्च कटौती
- सबै प्रकारका गोष्ठी, सेमिनार र कार्यशाला स्थगन गर्ने, नयाँ दरबन्दी थप नगर्ने र दरबन्दीभन्दा बढी कर्मचारी कुनै पनि निकायमा नखटाउने
- फर्निचर र नयाँ सवारीसाधन खरिद शीर्षकमा विनियोजित रकम खर्च नगर्नेगरी रोक्का राख्ने
- चालुतर्फको खर्चमा अनिवार्य दायित्वबाहेक न्यूनतम २० प्रतिशत कटौती गर्न प्रदेश सरकार र स्थानीय तहहरूलाई अनुरोध गर्ने

गर्ने निर्णय गरेको मन्त्रालयले मंगलबार प्रेस विज्ञप्तिमार्फत जानकारी दिएको छ ।

चालुतर्फको खर्चमा अनिवार्य दायित्वबाहेक न्यूनतम २० प्रतिशत कटौती गर्न प्रदेश सरकार र स्थानीय तहहरुलाई अनुरोध गर्ने निर्णय मन्त्रालयले गरेको छ । खर्च कटौतीको निर्णय कार्यान्वयन गर्दा १० अर्ब ५० करोड रुपैयाँ बचत मन्त्रालय र निकायको स्वीकृत बजेटको इन्धन, मर्मतसम्भार, मसलन्द तथा कार्यालय सामग्री, पत्रपत्रिका, छपाइ तथा सूचना प्रकाशन, सेवा र परामर्शलगायत शीर्षकमा २० प्रतिशत खर्च कटौती गरेको छ । त्यस्तै, सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च, भ्रमण, अन्य भत्ता, कार्यक्रम खर्च, अनुगमन मूल्यांकन खर्च, कर्मचारी तालिम, गोष्ठी, सेमिनार र कार्यशाला, विविध खर्च, मेसिनरी तथा औजार, फर्निचर तथा फिक्चर्स, निर्मित भवनको संरचनात्मक सुधारलगायत शीर्षकको बजेटमा पनि २० प्रतिशत खर्च कटौती गरिएको छ ।

चालु आर्थिक वर्षका लागि स्वीकृत बजेट तथा कार्यक्रमभित्र परेका तथा खरिद प्रक्रिया प्रारम्भ भइनसकेका आयोजना तथा कार्यक्रमको हकमा अर्थ मन्त्रालयको पूर्वस्वीकृति र सहमतिमा मात्र खरिद प्रक्रिया अगाडि बढाउने निर्णय पनि मन्त्रालयले गरेको छ । अर्थ मन्त्रालयको पूर्वस्वीकृतिविना कुनै प्रकारको नयाँ दरबन्दी सिर्जना हुनेगरी संगठन तथा व्यवस्थापन सर्वेक्षण नगर्ने, नयाँ दरबन्दी थप नगर्ने र दरबन्दीभन्दा बढी कर्मचारी कुनै पनि निकायमा नखटाउने निर्णय गरेको छ । त्यस्ता कर्मचारी खटाउनैपर्ने भएमा अस्थायी दरबन्दी स्वीकृत गर्ने मन्त्रालयले जनाएको छ ।

सरकारको स्रोततर्फका सबै प्रकारका गोष्ठी, सेमिनार र कार्यशाला हाललाई स्थगन गर्ने निर्णय मन्त्रालयले गरेको छ । फर्निचर र नयाँ सवारीसाधन खरिद शीर्षकमा विनियोजित रकम खर्च नगर्ने गरी हाललाई रोक्का राख्ने निर्णय पनि अर्थले गरेको छ । सरकारको स्रोतमा सरकारी प्रतिनिधि अनिवार्यरुपमा सहभागी हुने कार्यक्रमका लागि वैदेशिक भ्रमण गर्नुपर्दा अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने र अर्थ मन्त्रालयको सहमति नलिई कुनै निकाय र स्तरबाट थप दायित्व पर्ने कुनै निर्णय (**बाँकी पृष्ठ २ मा**)

## राष्ट्रपतिमा मरिहत्ते

■ जेबी योञ्जन

**काठमाडौं–** संवैधानिकरूपमा आलंकारिक राष्ट्रपति पदप्रति सत्तारूढ र विपक्षी दलको तीव्र आशक्ति देखिएको छ । सत्तारूढ दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले जुनसुकै हालतमा राष्ट्रपति एमालेकै हुनुपर्ने बताइरहेका छन् । यतिसम्म कि ओलीले कांग्रेसलाई राष्ट्रपति निर्वाचनमा 'जाल वा ढोक्से' नथाप्न चेतावनी दिइसकेका छन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल र उनको दल नेकपा माओवादी केन्द्रको भने राष्ट्रपति निर्वाचनमा राष्ट्रिय सहमति हुनुपर्ने अडान छ । यहीबेला ओलीचाहिँ राष्ट्रपति एमालेबाहेकका दलबाट हुन नहुने पक्षमा छन् । प्रतिनिधिसभाको ठूलो दल नेपाली कांग्रेस पनि राष्ट्रपति पदमा उम्मेदवार तय गर्ने निष्कर्षमा पुगेको छ । सत्ता नेतृत्व दल माओवादीले सहयोग नगरेको अवस्थामा कांग्रेसका उम्मेदवारले निर्वाचन जित्न पर्याप्त मतभार छैन । तैपनि उक्त दलका महामन्त्री विश्वप्रकाश शर्माले मंगलबार कांग्रेसले प्रस्ताव गर्ने राष्ट्रपति पदका उम्मेदवारले निर्वाचन जित्ने दाबी गरे ।

'हामीसँग योग्य नेतृत्व धेरै हुनुहुन्छ । अहिले मैले नाम भन्नु उचित हुँदैन । अब हामी बैठक बस्छौं र सम्भावित उम्मेदवारको बारेमा छलफल गर्छौं तर कांग्रेसले प्रस्ताव गरेको उम्मेदवारले निर्वाचत जित्नेछ' इलाममा पत्रकारहरूसँग भने ।

संविधान निर्माणको क्रममा विधायकहरूले प्रधानमन्त्री कार्यकारी प्रमुख रहने र राष्ट्रपति 'खोपीको देवता'जस्तै हुने परिकल्पना गरेका थिए । राजतन्त्र रहेको देश बेलायतमा राजाको




> दलका नेताहरू आफ्नो दलको राष्ट्रपति भए 'एस म्यान' बनाउन सकिन्छ भनेर अहिले बढी चासो त्यता दिएको देख्छु ।
>
> ■ **प्रा.डा. लोकराज बराल**
> राजनीतिशास्त्री

भूमिका जस्तो छ, यहाँ राष्ट्रपतिको भूमिका संवैधानिकरूपमा त्यस्तै निर्धारण गरिएको छ । तर, दलीय स्वार्थका कारण राष्ट्रपतिलाई पटक-पटक संवैधानिक सीमा नाघेर क्रियाशील गराइएकाले अहिले राष्ट्रपति पदप्रति तिनै दलहरूको आशक्ति बढेको राजनीतिशास्त्री प्रा.डा. लोकराज बराल बताउँछन् । उनी यसलाई जायज मान्दैनन् ।

'दल फुटाउन अध्यादेश ल्याउँदा राष्ट्रपतिले रातारात जारी गर्ने गरिन्छ । कतिसम्म देखियो भने समर्थित दलको प्रधानमन्त्री हुँदा 'एस म्यान' भएर सहयोग गरेको । त्यो पूर्वराष्ट्रपति होस् या वर्तमान राष्ट्रपति,' उनले प्रभावसँग भने, 'यो भनेको राष्ट्रपति पदको दुरुपयोग हो । तर, दलका नेताहरू आफ्नो दलको राष्ट्रपति भए एस म्यान बनाउन सकिन्छ भनेर अहिले बढी चासो त्यता दिएको देख्छु ।'

२४० वर्षे राजतन्त्र ढालिएपछि देश संघीय लोकतान्त्रिक गणतन्त्र जाँदा पहिलो राष्ट्रपति डा. रामवरण यादव भए । राष्ट्रपति हुनुभन्दा पहिले उनी कांग्रेस महामन्त्री थिए । साझा पद भनिएको राष्ट्रपति हुँदा भने उनको झुकाव कांग्रेसतिर भयो । त्यसकै परिणाम हो- प्रधानमन्त्री पुष्पकमल दाहालले मन्त्रिपरिषद्बाट तत्कालीन प्रधानसेनापति रुक्मांगद कटवाललाई बर्खास्त गर्ने निर्णय उल्टाउनु ।

संवैधानिक सीमा नाघेर यादवले कांग्रेसको इशारामा यस्तो कदम चालेको आजपर्यन्त चर्चा हुने गरेको छ । दोस्रो कार्यकाल बिताउन लागेकी राष्ट्रपति विद्यादेवी भण्डारीले संवैधानिक सीमा नाघेर कयौं कदम चालेकी छन् । त्यही भएर उनी पूर्वराष्ट्रपति यादवभन्दा बढी आलोचित छिन् । राष्ट्रपतिजस्तो सम्मानित एमालेप्रति पूरै बफादारी भएको उनलाई आरोप छ । यसरी राष्ट्रपति आस्था रहेको दलका नेताको 'एस म्यान' हुँदा यसपटक राष्ट्रपति पदप्रति दलहरूको चासो बढी भएको वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी बताउँछन् ।

'राष्ट्रपति संविधानको संरक्षक हो तर उल्लंघन गर्ने पद जस्तो देखियो । अहिलेको राष्ट्रपति होस् वा पहिलेको,' उनले भने, 'तर, पनि दलहरू भने एसम्यानको रूपमा राष्ट्रपति बनाउन मेरै दलबाट हुनुपर्छ भनिरहेका छन् । यो ठीक होइन ।'

१० पुसभन्दा अघि राष्ट्रपति गैरराजनीतिक व्यक्तिलाई बनाउने चर्चा पनि राजनीतिकवृत्तमा चल्यो । तत्कालीन सत्तारुढ दल कांग्रेसले दलभन्दा बाहिरको व्यक्तिलाई राष्ट्रपति बनाउँदा संविधानको सच्चा संरक्षक हुने बहस छेडेको थियो । एमाले (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

## श्रमिकको समस्या सम्बोधन गर्न '२४ घण्टे श्रमाधन केन्द्र'

### ६ महिनाभित्र मोबाइल एप र टाइम कार्ड लागू गर्ने श्रममन्त्रीको प्रतिबद्धता

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सञ्चालन गर्दै आएको कल सेन्टरलाई 'श्रमाधान : २४ घण्टे श्रम सहायता केन्द्र'मा रुपान्तरण गरेको छ । नेपालभित्र र बाहिर रहने श्रमिकसँग सम्बन्धित सम्पूर्ण जिज्ञासा र समस्या एकद्वार प्रणालीबाट समाधान गर्ने उद्देश्यले कल सेन्टरलाई श्रमाधान केन्द्रमा रुपान्तरण गरिएको मन्त्रालयले जानकारी दिएको छ ।

मंगलबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा श्रममन्त्री डोलप्रसाद अर्यालले सञ्चालनमा रहेको कल सेन्टरलाई 'श्रमाधानः २४ घण्टे श्रम सहायता केन्द्र'को रुपमा रुपान्तरण गरिएको बताए । उनले उक्त केन्द्र सञ्चालनमा आएसँगै दोस्रो चरणमा छ महिनाभित्र श्रमाधान मोबाइल एप र श्रमसम्बन्धी सम्पूर्ण कार्यहरुको टाइम कार्ड लागू गरिने जानकारी दिए । 'अब स्वदेश तथा विदेशमा रहेका सबै श्रमिकहरुले मन्त्रालयमा २४ सै घण्टा आफ्ना समस्या र जिज्ञासा राख्न सक्नुहुन्छ,' मन्त्री अर्यालले भने, 'यसका लागि हामी आवश्यक प्रबन्ध मिलाएर कर्मचारी व्यवस्थापन र अनुगमन तथा समस्या समाधानका लागि काम गर्नेछौं ।'

श्रमिकले राखेका समस्यालाई प्राथमिकताको आधारमा समाधानका लागि लाग्ने समय निर्धारण हुने उनले बताए । उनले तोकिएको समयमा समस्या समाधान गर्न नसकिए कारण उल्लेख गरी सम्बन्धित व्यक्तिलाई जानकारी दिइने बताए ।

मन्त्री अर्यालले हालैका दिनमा मन्त्रालयले सुधारका क्रियाकलापहरुलाई अभियानकैरुपमा सञ्चालन गरिरहेको दाबी गरे । मन्त्रालयकै पहलमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको



अध्यागमन कक्षमा वैदेशिक रोजगारीमा जाने नेपालीहरुका लागि व्यवस्था गरिएको छुट्टै डेस्क हटाइएको उनको भनाइ छ । उनले रोजगारीका लागि विदेश जाने नेपालीहरुको स्वाभिमान र सम्मानलाई ख्याल गरी 'डोमेस्टिक डेस्क'बाट नै एउटै लाइन हुनेगरी अध्यागमन चेकिङको प्रक्रिया थालनी भइसकेको जानकारी दिए ।

मन्त्री अर्यालले बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्य नै सरकारको नीति भएको दोहोर्‍याए । उनले मन्त्री नियुक्त भएदेखि नै बाध्यात्मक वैदेशिक रोजगारीलाई शून्यमा झार्ने बताउँदै आएका छन् । 'शून्यमा झार्ने भन्नुको अर्थ अहिले नै स्वदेशमा रोजगारी सिर्जना गरिहाल्ने र विदेश जानबाट रोक्ने भन्ने होइन,' उनले भने, 'तर, देशभित्रै रोजागारी सिर्जना गर्ने अधिकतम प्रयास गर्दै विदेश जानुलाई विकल्पको रुपमा लिनसक्ने अवस्था निर्माण गर्नु हाम्रो लक्ष्य हो ।'

मन्त्री अर्यालले 'फ्रि भिसा, फ्रि टिकट'को व्यवस्था अव्यावहारिक रहेको भन्दै पुनरवलोकन गर्ने तयारी भइरहेको बताए । 'यसमा कतिपय मुलुकसँग भएका सरकारी सम्झौताहरुलाई पनि हेर्नुपर्छ र व्यावसायिकरुपमा निजी क्षेत्रलाई पनि बचाउने गरी नीति नियम बनाइनुपर्छ भन्नेमा मन्त्रालय सजग रहेको छ,' उनले भने । निजी क्षेत्रलाई पेलेरै जानुपर्छ भन्ने पक्षमा नरहेको भन्दै मन्त्री अर्यालले निजी क्षेत्रको सहयोगविना देश विकास हुन नसक्ने बताए । उनले वैदेशिक रोजगारीका सन्दर्भमा व्यवसायी र श्रमिकमैत्री नीति अवलम्बन गरिने बताए ।

त्यस्तै भारतमा लाखौंको संख्यामा नेपालीहरु श्रम गरिरहेको बताउँदै मन्त्री अर्यालले वैदेशिक रोजगारीको परिभाषामा नपरेको भारतमा काम गरिरहेका नेपालीहरुको यकिन तथ्यांक संकलन गर्ने तयारी भइरहेको जानकारी दिए । उनले स्वदेश तथा विदेशमा हुने रोजगारीको पहिचान र अवसरका लागि श्रम बैंकको स्थापना गर्ने बताए । यसका साथै सातै प्रदेशमा निकट भविष्यमा रोजगारसम्बन्धी मेला आयोजना गर्ने तयारी भइरहेको बताए । मन्त्री अर्यालले आगामी दिनमासमेत मन्त्रालयको क्षेत्राधिकारका विषयमा समसामयिक सुधार गर्दै लैजाने प्रतिबद्धता व्यक्त गरे । उनले अपांगता भएका तथा अशक्त नागरिकहरुलाई अपांगता परिचयपत्रका आधारमा सिंहदरबार प्रवेश सहजीकरणको व्यवस्था मिलाइएको जानकारी दिए ।

यसैगरी बाध्यकारी श्रम निषेध र पुनःस्थापनासम्बन्धी विधेयक, २०७९ लाई पूर्णता दिन मन्त्रालयका सहसचिवको संयोजकत्वमा एक समिति गठन गरेको जानकारीसमेत उनले दिएका छन् । बाध्यकारी श्रम उन्मूलनका लागि एकीकृत कानुनको आवश्यकता रहेको भन्दै उनले बन्न लागेको विधेयकलाई परिपक्व र प्रभावकारी ढंगले अगाडि बढाउन सबै सरोकारवाला निकायलाई आग्रह गरे । मन्त्री अर्यालले दीर्घकालीन महत्त्वको नीति नियम बनाउँदा सकभर त्रुटि हुन नदिन सबै सरोकारवाला निकाय/पक्षहरूसँग गहिरो छलफल गरी निचोड निकाल्ने बताए ।

## मकाउमा रेमिट्यान्स कम्पनी खोलिदिन माग

**काठमाडौं (प्रस)–** गैरआवासीय नेपाली संघ (एनआरएनए) मकाउले नेपालमा पैसा पठाउन वैधानिक च्यानलको व्यवस्था गरिदिन सरकारसँग माग गरेको छ । मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहाललाई पाँच बुँदे ध्यानाकर्षण पत्र दिँदै एनआरएनए मकाउले सरकारकै पहलमा विप्रेषण (रेमिटयान्स) कम्पनी खोलिदिन आग्रह गरेको हो ।

पैसा पठाउने वैधानिक विप्रेषण कम्पनी नहुँदा मकाउमा रहेका नेपाली हुण्डीको प्रयोग गर्न बाध्य भएको एनआरएनए मकाउको गुनासो छ । एनआरएनए मकाउले हङकङको ट्रान्जिट भिसाको समस्या हल गर्न पनि सरकारसँग माग गरेको छ । नेपालदेखि मकाउसम्म सीधा हवाई सेवा नरहेको र हङकङमा ट्रान्जिट राहदानी लिनुपर्ने अवस्था रहेको कारण नेपाली कामदार समस्यामा परेको एनआरएनए मकाउको गुनासो छ ।

एनआरएनए मकाउले नेपालदेखि मकाउसम्मको सीधा हवाई सम्पर्कको व्यवस्था गर्न माग गरेको छ । त्यस्तो भएमा नेपालदेखि मकाउमा जान र मकाउमा पर्यटक नेपाल आउन पनि सहज हुने विश्वास गरिएको छ ।

## गृहमन्त्रीका लागि रविको दौडधुप

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली नागरिकता पुनः प्राप्त गरेपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने गृहमन्त्रीका लागि दौडधुपमा छन् । जसरी पनि गृहमन्त्री पद दिलाउन प्रधानमन्त्री पुष्पकमल दाहाललाई उनले मंगलबार आग्रह गरे । सरकार गठनका क्रममा गठबन्धनमा भएको सहमतिबमोजिम गृहमन्त्री रास्वपाले नै पाउनुपर्ने दाबी उनले गरेका थिए ।

प्रधानमन्त्री दाहालको भने तत्काल गृहमन्त्री दिन नसकिने जवाफ दिएका छन् । लामिछानेलाई नागरिकता विवादसम्बन्धी मुद्दामा सर्वोच्च अदालतले जारी गरेको आदेशको पूर्णपाठ आएपछि विचार गर्न सकिने जवाफ दाहालले दिएका थिए । दाहालको जवाफले लामिछाने असन्तुष्ट छन् । उनले गृह मन्त्रालय नपाए सरकारबाट बाहिरिनेसम्मको चेतावनी दिएका छन् ।

दाहालसँगको भेटवार्तालगत्तै रवि बालकोटस्थित नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको निवास पुगेका थिए । त्यहाँ उनले प्रधानमन्त्री दाहाल गृह मन्त्रालय दिन तयार नभएको 'ब्रिफिङ' गरेका थिए । ओलीले भने पहिले गठबन्धन दलहरूबीच भएको मन्त्रालय भागबण्डाको सहमतिअनुसार रास्वपाले गृह मन्त्रालय फेरि पाउनुपर्नेमा जोड दिए । ओली रविप्रति सकारात्मक छन् । उनले रविले नागरिकता पुनः प्राप्त गरेकै दिन आइतबार गृह मन्त्रालय रविलाई दिनुपर्ने अभिव्यक्ति दिएका थिए ।



ओली सत्ता गठबन्धनको मुख्य दल एमाले अध्यक्षसमेत हुन् । उनै ओलीले प्रधानमन्त्री दाहाललाई भन्दा मान्ने बुझाइका आधारमा रवि बालकोट पुगेका थिए ।

२६ पुसमा संसद्मा रविले सत्तापक्षीय दल हुँदाहुँदै प्रतिपक्षीको भूमिका आवश्यकताअनुसार निर्वाह गर्ने अभिव्यक्ति दिएपछि दाहाल रविसँग बिच्किएका छन् । अर्कातिर एक महिनामा अल्पकालीन र दीर्घकालीन प्रभाव पार्नेगरी कुनै काम गर्न रविले नसकेपछि पनि प्रधानमन्त्री असन्तुष्ट छन् ।

सस्तो लोकप्रियताका लागि उनले 'स्टन्टवाजी'मा मात्रै रमाइरहेको आरोप पनि रविले सामना गरिरहेका छन् । उनी ११ पुसमा उपप्रधान तथा गृहमन्त्री नियुक्त भएका थिए । सोही दिन पदभार ग्रहण गर्दै उनले कञ्चनपुरकी १४ वर्षीया बालिका निर्मला पन्तलाई न्याय दिलाउने पहिलो निर्णय गरेका थिए । तर, पन्तको बलात्कारपछिको हत्या घटनाको अनुसन्धानमा प्रगति भएको छैन ।

उनै रविले अनुसन्धानका लागि प्रहरी नायव महानिरीक्षक (डिआइजी) दुर्गा सिंहलाई खटाएको साता दिन नबित्दै अन्तै सरुवा गरे । मधेस आन्दोलनको क्रममा हत्या गरिएका नेपाल प्रहरीका प्रहरी सहायक निरीक्षक थमन विकको हत्या आरोपी एमाले सांसद लक्ष्मी महतो कोइरीलाई पक्राउ नै गराएनन् । बरु, वक्तव्यवाजीमा रमाएको आरोप उनलाई छ ।

बाँकेकी निर्मला कुर्मीको पनि बेपत्ता प्रकरणको अनुसन्धानमा उनी एक महिनाभन्दा बढी गृहमन्त्री हुँदा प्रगति भएन । जनताले देख्नेगरीको कुनै काम गृहमन्त्रीको हैसियतबाट रविले गर्न नसकेपछि प्रधानमन्त्री दाहाल उनलाई दोहोर्‍याएर सोही मन्त्रालयको जिम्मेवारी दिन तयार नभएको दाहालको सचिवालयले जनाएको छ ।

## साढे २४ अर्ब...
पृष्ठ १ बाट जारी

नगर्ने निर्णय मन्त्रालयले गरेको छ । चालु आर्थिक वर्षका लागि चालु खर्चतर्फ स्वीकृत बजेट तथा कार्यक्रमभित्र परेका कार्यक्रमको परिमाण र लक्ष्य कम हुनेगरी नेपाल सरकारको स्रोततर्फ हाललाई रकमान्तर नगर्ने निर्णय मन्त्रालयको छ । आर्थिक सहायता प्रदान नगर्ने र गर्नैपर्ने अवस्था सिर्जना भएमा स्वीकृत मापदण्डबमोजिम अर्थ मन्त्रालयको पूर्वसहमति लिनुपर्ने व्यवस्था गरिएको छ । सरकारको स्रोतमा विनियोजित निर्मित भवनको संरचनात्मक सुधार खर्च र पुँजीगत सुधार खर्च हाललाई स्थगन र रोक्का गर्ने निर्णय पनि सरकारले गरेको छ ।

वार्षिक बजेटमा विनियोजन भएका तर काम सुरु हुन नसकेका आयोजनाको तथा कार्यक्रम रोक्का गर्ने र चालु आर्थिक वर्षमा नै भुक्तानी दिने गरी थप दायित्व सिर्जना नगर्ने निर्णय मन्त्रालयले गरेको छ । अर्थ मन्त्रालयको यस्तो निर्णय सबै विश्वविद्यालय, प्रतिष्ठान, समिति, नियामक निकाय, बोर्डलगायत सबै सार्वजनिक संस्थानमासमेत लागू हुनेछ ।

चालु आर्थिक वर्षमा सरकारले लक्ष्यअनुसार राजस्व संकलन गर्न सकेको छैन । जसले सरकारलाई खर्चको स्रोत व्यवस्थापनमा सकस पारेको अवस्था छ । यसैलाई मध्यनजर गर्दै अर्थ मन्त्रालयले खर्च कटौतीको निर्णय गरेको हो । कोभिड-१९ को प्रभाव, युक्रेन-रसियाको युद्ध तथा अन्य विविध कारणबाट विश्वव्यापीरुपमा आपूर्ति शृंखलामा परेको प्रतिकूल प्रभाव र बाह्य क्षेत्रमा परेको चाप व्यवस्थापन गर्न केही वस्तुको पैठारीमा गरिएको पूर्ण बन्देजको निर्णयपश्चात् देशभित्रको आर्थिक गतिविधिमा संकुचन हुन गएको अर्थ मन्त्रालयको भनाइ छ ।

'चालु आर्थिक वर्षमा लक्ष्यअनुसार राजस्व असुली नभएको, बजेटरी सहायता समयमा प्राप्त नभएको, राष्ट्रसेवकको तलब, निवृत्तभरण र सामाजिक सुरक्षा, रासायनिक मल आपूर्ति र विपद व्यवस्थापनका लागि बढ्न गएको व्ययभारलगायतका कारणले चालु खर्चको भार बढेको, आन्तरिक ऋणको ब्याजदर बढ्नुका साथै नेपाली मुद्रा अमेरिकी डलरसँग कमजोर हुँदा वैदेशिक ऋणको साँवा तथा ब्याज भुक्तानी गर्न विनियोजन गरिएको रकम अपर्याप्त हुन गएकोले नेपाल सरकारको स्रोतमा चाप परेको छ,' मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'चालु आर्थिक वर्षको संघीय सञ्चित कोष हाल करिब ९० अर्ब रुपैयाँ ऋणात्मक रहेको छ ।'

## राष्ट्रपतिमा...
पृष्ठ १ बाट जारी

र माओवादीसहितका दलहरू भने राजनीतिक व्यक्तिलाई नै राष्ट्रपति बनाउने पक्षमा उभिँदै आएका छन् ।

तर, राजनीतिक कि गैरराजनीतिक व्यक्ति राष्ट्रपति हुने भन्ने अहिल्यै निर्क्योल गर्न सकिने अवस्था छैन । हाल राजनीतिक दलहरूमध्ये कांग्रेसबाट वरिष्ठ नेता रामचन्द्र पौडेल, पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला र एमालेबाट उपाध्यक्षहरू सुवासचन्द्र नेम्बाङ, अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवालीसँगै बागमतीका पूर्वमुख्यमन्त्री डोरमणि पौडेल नाम नयाँ राष्ट्रपतिको सम्भावित उम्मेदवारको रूपमा सुनिन थालिएको छ । नेपाल समाजवादी पार्टी (नेसपा)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई र नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का अध्यक्ष नारायणमान बिजुक्छेलाई पनि राष्ट्रपतिको सम्भावित उम्मेदवारको रूपमा हेरिएको छ ।

राष्ट्रपति निर्वाचन भने निर्वाचन आयोगले २५ फागुनमा तोकेको छ । ऐन मिचेर आयोगले तोकेको यो मिति सरकारले भने घोषणा गरेको छैन । निर्वाचनमा संघीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा) र प्रदेश संसद्का सदस्यहरू मतदाता हुने छन् ।

आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालका अनुसार संघीय संसद्मा ३३२ जना (रवि लामिछानेको पद खारेज र टेकबहादुर गुरुङ निलम्बित) र प्रदेश संसद्मा ५५० जना मतदाता छन् । संघीय संसद्का सदस्यहरूको मतभार ७९ र प्रदेश संसद् सदस्यहरूको ४८ छ । ५० प्रतिशतभन्दा बढी मतभार प्राप्त गर्ने उम्मेदवार राष्ट्रपतिमा निर्वाचित हुने छन् ।

# नेपाल भ्रष्टाचार व्याप्त मुलुकको श्रेणीमा कायमै

## सिपिआई सूचीमा ७ स्थानको सुधार

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल धेरै भ्रष्टाचार हुने मुलुकको श्रेणीमा कायमै रहेको प्रतिवेदन सार्वजनिक भएको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलले सार्वजनिक गरेको सन् २०२२ को प्रतिवेदनमा नेपाल भ्रष्टाचार व्याप्त मुलुकको श्रेणीमा परेको हो ।

यद्यपि, नेपालले भ्रष्टाचार अवधारणा सूचकांक (सिपिआई) मा एकैपटक सात स्थानको सुधार हासिल गरेको छ । प्रतिवेदनअनुसार विश्वका १८० देशमध्ये नेपालले ३४ अंक प्राप्त गर्दै ११०औं स्थानमा उक्लिएको छ । सन् २०२१ मा नेपाल ३३ अंकसहित ११७औं स्थानमा थियो ।

प्रतिवेदनमा दक्षिण एसियाली राष्ट्रहरूमध्ये भुटान सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकमा परेको छ । भुटान ६८ अंकसहित २५औं स्थानमा परेको छ । यसैगरी, माल्दिभ्सले ४० अंक (८५औं), भारतले ४० अंक (८५औं), श्रीलंकाले ३६ अंक (१०१औं), नेपालले ३४ अंक (११०औं), पाकिस्तानले २७ अंक (१४०औं), बंगलादेशले २५ अंक (१४७औं) र अफगानिस्तानले २४ अंक (१५० औं) प्राप्त गरेका छन् । चीनले ४५ अंक (६५ औं) प्राप्त गरेको छ ।

ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले मंगलबार यहाँ आयोजित एक कार्यक्रममार्फत भ्रष्टाचारसम्बन्धी अवधारणा सूचकांकमा विश्व र नेपालको अवस्थाबारे जानकारी गराएको थियो । कार्यक्रममा संस्थाकी अध्यक्ष पद्मिनी प्रधानांग, महासचिव मदनकृष्ण शर्मा, कोषाध्यक्ष सुनिता गुरुङलगायतको सहभागिता थियो । यो वर्ष नेपालको अवस्था सुधार हुनुमा आयात निर्यातमा भएको कमी प्रमुख कारण भएको अध्यक्ष प्रधानांगको भनाइ छ ।

'सन् २०२२ मा आयात निर्यात अघिल्लो वर्षभन्दा घटेको देखिएको छ । आयात र निर्यातसँगै भ्रष्टाचार कम हुँदा वर्ल्ड इकोनोमिक फोरमको सर्वेक्षणमा नेपालले धेरै अंक प्राप्त गरेको छ,' उनले भनिन् ।

विश्वका १८० देशमध्ये डेनमार्क ९० अंकसहित पहिलो स्थानमा छ भने सोमालिया १२ अंकसहित अन्तिम स्थानमा छ । कूल देशमध्ये ५८ वटा देशले ५० भन्दा धेरै अंक प्राप्त गरेका छन् ।

नेपालमा भ्रष्टाचारसम्बन्धी अवधारणाको सर्वेक्षण विभिन्न छ वटा अन्तर्राष्ट्रिय संस्थाले गरेका थिए । सर्वेक्षण गरेका ती संस्थामध्ये नेपाललाई विश्व बैंकले सरकारद्वारा सार्वजनिक पदाधिकारीको काम कारबाहीको निगरानी, राज्यको सूचनामा नागरिक समाजको पहुँच र राज्य सञ्चालनमा सीमित व्यक्तिको पहुँचलाई आधार बनाएको थियो । जसमा विश्व बैंकले नेपाललाई ३५ अंक दिएको छ ।

त्यस्तै, वर्ल्ड इकोनोमिक फोरमले आयात निर्यात, सार्वजनिक सेवा, कर भुक्तानी, ठेक्कापट्टा र न्यायिक निर्णयलाई आधार बनाएको थियो । यसमा नेपालले चार अंकको सुधार हासिल गर्दै ३८ अंक प्राप्त गरेको छ ।

ग्लोबल इन्साइटले पनि व्यापार, व्यवसाय, ठेक्कापट्टा, आयात निर्यात घूस र भ्रष्टाचार सर्वेक्षण गरेकोमा यो वर्ष नेपाललाई ३५ अंक दिएको छ । बर्टेल्सम्यान फाउण्डेसन सार्वजनिक पदाधिकारीमाथि पदको दुरुपयोगमा कति कारबाही हुने गरेको छ भन्ने आधारमा गरिएको सर्वेक्षणमा नेपालले ३३ अंक प्राप्त गरेको छ ।

वर्ल्ड जस्टिसले सरकार, न्यायालय, संसद् र सुरक्षा निकायका प्रतिनिधिले निजी स्वार्थका लागि सार्वजनिक पदको दुरुपयोग कति गरेका छन् भन्ने सम्बन्धमा गरेको सर्वेक्षणमा नेपालको अवस्था खस्किएको छ । अघिल्लो वर्ष ३२ अंक पाएको नेपालले यो वर्ष ३० अंक मात्र प्राप्त गरेको हो ।

भेराइटिज अफ डेमोक्रेटिक प्रोजेक्ट (भी-आइडिएम)ले गरेको संसद्, कार्यपालिका र न्यायपालिकासँग सम्बन्धित सर्वेक्षणमा यो वर्ष ३० अंक पाएको थियो । यो अघिल्लो वर्षको बराबर नै हो ।

ट्रान्सपरेन्सी इन्टरनेसनलले प्रत्येक वर्ष भ्रष्टाचारसम्बन्धी अवधारणाको सर्वेक्षणको सूचकांक सार्वजनिक गर्दै आएको छ । १८० देशमा उक्त सर्वेक्षण हुने गरेको र यसका लागि १३ वटा अन्तर्राष्ट्रिय संस्थाको सर्वेक्षणलाई आधार बनाइने गरेको संस्थाले जनाएको छ । नेपालमा भने छ वटा संस्थाले मात्रै उक्त सर्वेक्षण गरेका थिए ।

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Paradise Beauty Lounge

पूर्व स्वीकृति मिति : २०७७/१२/२३ पून विज्ञापन स्वीकृति मिति २०७९/१०/१७ LT. No. 238493 चलानी नं.६०१७९७३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Beautican | 0 | 2 | 1700 | ६१०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Receptionist | 0 | 1 | 1100 | ३९५१२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ २५ गते (8th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/– कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CLEANER FOUNDATION FOR MAINTENANCE AND CLEANING

पूर्व स्वीकृति मिति २०७९/१०/१७ LT. No. 280324 चलानी नं. ६०१९५८३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 15 | 0 | 1000 | ३४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ZAHRAN OPERATION AND MAINENANCE COMPANY

पूर्व स्वीकृति मिति २०७९/१०/१७ LT. No. 280323 चलानी नं. ६०१९५८३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Worker | 50 | 0 | 1000 | ३४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ २५ गते (8th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/– कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**
श्रम इजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : STANDARD MEDICAL AND NURSING SERVICES WLL

पुर्व स्वीकृति मिति २०७९/०९/०१ पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/१७ LT. No. चलानी नं.६०१९३३८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nurses | 0 | 3 | 4500 | १६१,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ २५ गते (8th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/– कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
श्रम इजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्बर ४००/०६०/०६१ यस **WHITE HORSE INTERNATIONAL PVT.LTD.** मा कार्यरत तपशील पदमा कार्यरत कर्मचारीहरुले आफ्नो व्यक्तिगत समस्याका कारण कार्यालयलाई समय दिन नसक्ने भनी तपशील मितीमा राजीनामा दिएकाले आवश्यक प्रक्रिया पुरा गरी कर्मचारी हटाइएको दाबी बिरोध सम्बन्धी ७दिने सूचना प्रकाशन गरिएको छ । निज व्यक्तिहरुसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

| क्र.सं. | नाम थर | पद | राजीनामा दिएको मिति |
|---|---|---|---|
| १ | अन्जु पुढासैनी | म्यानेजर | २०७८/०३/१६ |
| २ | सुस्मा खड्का | डकुमेन्टेशन | २०७८/०६/०७ |
| ३ | राधिका चौलागाई | रिशेप्शनिष्ट | २०७८/०९/०९ |
| ४ | राजेन्द्र चौधरी | एकाउन्टेन्ट | २०७८/१२/२४ |

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77487@gmail.com

## राहदानी हरायो

मिति २०७९/०९/१० गते महाराजगञ्जदेखि कोटेश्वरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **दिपेन्द्र थारू**
राहदानी नं : **०३३६१९३**
ठेगानाः **कोहलपुर-१०, बाँके**
फोन नं : **९८१३२१९६४५**

## खुम्बु वाइनरी प्रा.लि.सँग सम्बन्धित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको सार्वजनिक सुचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९/१०/१८)**

प्रदेश नं. १,सोलुखुम्बु जिल्ला, सोलुदुधकुण्ड नगरपालिका, वडा नं. ०८, मा खुम्बु वाइनरी प्रा. लि. द्धारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | खुम्बु वाइनरी प्रा. लि., सोलुदुधकुण्ड नगरपालिका वडा नं ०८, सोलुखुम्बु, प्रदेश नं. १ |
| प्रस्तावको व्यहोरा | वार्षिक २५० किलो लिटर वाइन तथा २०० किलो लिटर साइडर |
| प्रभाव पर्न सक्ने जिल्ला स्थानीय तह | सोलुदुधकुण्ड नगरपालिका, वडा नं. ०८, सोलुखुम्बु जिल्ला |
| जग्गा को कित्ता नं. | सोलुदुधकुण्ड नगरपालिका, वडा नं. ०८, को कित्ता नं. ३१८३ |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तह तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सुचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागी पत्राचार गर्ने ठेगानाः**

१. श्री सोलुदुधकुण्ड नगरपालिका, ०८ नं वडा कार्यालय
२. श्री उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं फोन नं. ०१-५३५६२११, ईमेल : info@doind.gov.np
३. श्री खुम्बु वाइनरी प्रा. लि., सोलुदुधकुण्ड नगरपालिका वडा नं ०८, सोलुखुम्बु, प्रदेश नं. १
४. श्री ग्रिनविच इन्भाइरोमेन्टल एण्ड इन्जिनियरीङ कन्सल्ट प्रा. लि नयाँ बानेश्वर, काठमान्डौं, फोन नं. ९८४१५३१५८२ ईमेलः sarojnepal25@gmail.com

सुदूरपश्चिम प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
पूर्वाधार विकास कार्यालय
कञ्चनपुर

## बोलपत्र स्वीकृतिको आशयपत्र जारी गरिएको बारे

**प्रथम पटक प्रकाशित मिति : २०७९/१०/१८**

यस कार्यालयको मिति २०७९/०८/२९ गतेको बिभिन्न ठेक्कामा e-bid मार्फत पेस आएका बोलपत्र मूल्यांकन समितिबाट विभिन्न पक्षको मूल्याकंन गर्दा निम्न बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि पेश भएकाले सार्वजनिक खरिद ऐनकको दफा २७ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबैका लागि ७(सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | ठेक्का नं. | आयोजनाको नाम | स्वीकृत हुने फर्मको नाम | कबोल अंक रु (VAT र P.S सहित ) |
|---|---|---|---|---|
| १ | IDOKANCHANPUR/W/NCB/R/079-80-01 | Construction and upgrading of Various Roads of Bedkot Municipality ward no-08 kanchanpur | New Bashuling Construction, Bheemdutta-2, Kanchanpur | १,२९,३१,८४५.८७ |
| २ | IDOKANCHANPUR/W/NCB/R/079-80-02 | Construction and upgrading of Various Roads of Bedkot Municipality ward no-08 and Bhimdatt Municipality -01 kanchanpur | ChandraTara Nirman Sewa, Bheemdatta-18, Kanchanpur | १,६२,०१,१३१.२७ |
| ३ | IDOKANCHANPUR/W/NCB/R/079-80-03 | Construction and upgrading of Various Roads of Bhimdatt Municipality ward no-02 kanchanpur | Swami Kedarnath Nirman Sewa, Bhimdatt-04, Kanchanpur | १,३२,१४,१३३.१४ |
| ४ | IDOKANCHANPUR/W/NCB/R/079-80-04 | Construction and upgrading of Various Roads of Bhimdatt Municipality ward no-02 kanchanpur | MD Group Mahendranagar, Kanchanpur | १,२०,८८,६६८.५० |
| ५ | IDOKANCHANPUR/W/NCB/R/079-80-05 | Construction and upgrading of Bhanuchok dekhi Bishnumandir hudai Malas jane sadak Blacktopworks, Bhimdatt municipality ward no-03 kanchanpur | Swami Kedarnath Nirman Sewa, Bhimdatt-04, Kanchanpur | १,३०,४३,५५४.७३ |
| ६ | IDOKANCHANPUR/W/NCB/R/079-80-06 | Construction & Upgrading of Various Roads of Bhim datta Municipality 3, Kanchanpur | Swami Kedarnath Nirman Sewa, Bhimdatt-04, Kanchanpur | १,३२,३८,८०७.२८ |
| ७ | IDOKANCHANPUR/W/NCB/R/079-80-07 | Construction & Upgrading of Various Roads of Bhim datta Municipality 3, Kanchanpur | Swami Kedarnath Nirman Sewa, Bhimdatt-04, Kanchanpur | १,२२,८०,८३२.०२ |
| ८ | IDOKANCHANPUR/W/NCB/R/079-80-08 | Construction & Upgrading of Various Roads of Bhim datta Municipality 3 and 6, Kanchanpur | Swami Kedarnath Nirman Sewa, Bhimdatt-04, Kanchanpur | १,२१,१६,७८३.७९ |
| ९ | IDOKANCHANPUR/W/NCB/R/079-80-09 | Construction & Upgrading of Various Roads of Bhim datta Municipality 6, Kanchanpur | Chand Group & Suppliers PVT. LTD., Bhimdatt-06 ,Kanchanpur | १,६३,७४,५४२.११ |
| १० | IDOKANCHANPUR/W/NCB/R/079-80-10 | Construction & Upgrading of Various Roads of Bhim datta Municipality 8, Kanchanpur | Api Nirman sewa, Bhimdatt-02, Kanchanpur | १,५९,५७,८६१.४८ |

**कार्यालय प्रमुख**

# अनुगमन बढाउन स्वास्थ्यमन्त्रीको निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वास्थ्य तथा जनसंख्यामन्त्री पदम गिरीले अनुगमनलाई चुस्त बनाउन औषधि व्यवस्था विभागलाई निर्देशन दिएका छन् । मंगलबार विभागको अनुगमन र ब्रिफिङ कार्यक्रममा उनले सीमित जनशक्ति र स्रोतका बाबजुद औषधि अनुगमनलाई कुनै पनि बहानामा संकुचित नगर्न निर्देशन दिएका हुन् ।

'बजारमा गुणस्तरहीन औषधि छ्यापछ्याप्ती छन् । जनशक्ति र भौतिक पूर्वाधारको अभावको बहानामा नागरिकको स्वास्थ्यसँग खेलबाड गर्न पाइँदैन,' उनले भने । विभागले चालु आर्थिक वर्षमा गरेको ३२६ नमूना परीक्षणमा न्यून गुणस्तर भएका औषधिको संख्या २३ वटा अर्थात् सात प्रतिशत रहेको छ । मन्त्री गिरीले सबै ठाउँमा अनुगमन गर्न सके अझ धेरै न्यून गुणस्तरका औषधि भेटिनसक्ने आशंका व्यक्त गर्दै अनुगमन बढाउन निर्देशन दिएका हुन् ।

उनले औषधि अनुगमन र नियमनका लागि बजेटको अधिकतम प्रयोग/खर्च गर्न सुझाव दिँदै भने, 'बजेट छैन भन्ने गुनासो गरिहँदा आठ महिनासम्म पुँजीगत खर्च सात प्रतिशत मात्रै छ । के कारण खर्च हुन सकेन र के विषयमा सहजीकरण गर्नुपर्‍यो ? भन्नुहोस् खर्च गर्न सक्ने क्षमता वृद्धि गर्न सकेमात्र आगामी वर्षमा बजेट बढ्छ ।'

मन्त्री गिरीले देशभर बिक्री वितरण हुने औषधिको अनुगमन र नियमनका लागि सातै प्रदेशमा कार्यालय स्थापनादेखि जनशक्ति व्यवस्थापन गर्नुपर्ने बताए । त्यसका लागि विभागले क्षमता अभिवृद्धिका लागि ठोस कार्ययोजना बनाउनुपर्ने उनको सुझाव छ ।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री डा. तोसिमा कार्कीले अनलाइन सपिङ र औषधिको विज्ञापनतिर नियमन गर्नुपर्ने बताइन् । 'बजारमा दाँत चम्काउने, कपाल उमार्ने र पाचन प्रणालीलाई राम्रो बनाउने भनिएका औषधिका विज्ञापनहरूको गुणस्तर कसले मापन गरिरहेको छ ? यसको तथ्यांक र समाधानका बाटाहरू के-के हुन सक्छन् यसका उपायसहित आउनुहोस्,' उनले भनिन् ।

मन्त्रालयकी सचिव देवकुमारी गुरागाइँले विभाग आवश्यक जनशक्ति व्यवस्थापन गर्न लागिपरेको बताइन् । विभागका महानिर्देशक भरत भट्टराईले अन्तर्राष्ट्रियस्तरको संरचना नहुँदा विभागको क्षमता विस्तार हुन नसकेको गुनासो गरिन् ।

'अनुगमनका लागि जनशक्तिको अभाव छ । अन्तर ाष्ट्रियस्तरको संरचना नहुँदा खोप, सबै औषधिहरूको गुणस्तर परीक्षण गर्न सकिएको छैन,' उनले भनिन् । उनका अनुसार विभागमा ४९ को कर्मचारीको दरबन्दी भए पनि प्राविधिक जनशक्तिसहित ११५ कर्मचारी छन् । विभागले आर्थिक वर्ष २०७८/७९ मा ६३४ वटा नमूना विश्लेषण गरेको थियो । जसमा न्यून गुणस्तरको औषधि नौ प्रतिशत थियो ।

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्बर ४००/०६०/०६१ यस **इम्पलाईमेन्ट क्रियसन सर्भिस प्रा.लि.**मा कार्यरत तपशील पदमा कार्यरत कर्मचारीहरुले आफ्नो व्यक्तिगत समस्याका कारण कार्यालयलाई समय दिन नसक्ने भनी तपशील मितीमा राजीनामा दिएकाले आवश्यक प्रक्रिया पुरा गरी कर्मचारी हटाइएको दाबी विरोध सम्बन्धी ७ दिने सूचना प्रकाशन गरिएको छ । निज व्यक्तिहरुसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

| क्र. सं. | नाम थर | पद | राजीनामा दिएको मिति |
|---|---|---|---|
| १ | अशल सेन्चुरि | जनसम्पर्क अधिकारि | मङ्सिर ०७ |
| २ | शेर बहादुर गुरुङ्ग | कागजात अधिकारि | मङ्सिर ०७ |
| ३ | अर्चना प्रधान | फ्रन्ट डेस्क अफिसर | मङ्सिर ०७ |
| ४ | विशाल सेनेहाङ्ग | कागजात अधिकारि | मङ्सिर ०७ |
| ५ | सोनु शेर्पा | कागजात अधिकारि | मङ्सिर ०७ |
| ६ | उदय बाहादुर तामाङ्ग | जनसम्पर्क अधिकारि | मङ्सिर ०७ |
| ७ | सर्ण कुमार लोवा | जनसम्पर्क अधिकारि | मङ्सिर ०७ |

**Employment Creation Service Pvt. Ltd.**
श्रम इजाजत नं. ४००/०६०/०६१
Pancha Kumari Mandir, Sinamangal-9, Kathmandu, Nepal
Tel: +977-1-4488393, 4487496 E-mail : info@ecsmanpower.com
Website : ecsmanpower.com

## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस NILE INTERNATIONAL MANPOWER AGENCY PVT. LTD (ई.प.नं.८२०/०६६/०६७)मा Alina Limbu (Citizenship No. 08-01-72-01007) ले Receptionist पदमा यस प्रा. लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण उहाँले राजीनामा दिनु भएको हुनाले निज व्यक्तिसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**Nile International Manpower Agency Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036
Fax : 00977-1-4494529 Email : nileintl@wlink.com.np/nileintl1@gmail.com /nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com
श्रम इजाजत नं. ८२०/०६६/०६७

## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस JASMINE OVERSEAS PVT.LTD. (ई.प.नं.८७४/०६६/०६७)मा Binod Kumar Sardar (Citizenship No. 62684689), Sagar Lamichhane र Shankar Lamichhane(Citizenship No. 5126/23) ले यस प्रा. लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण उहाँहरूले राजीनामा दिनु भएको हुनाले निज व्यक्तिहरूसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**Jasmine Overseas Pvt. Ltd.**
श्रम इजाजत नं.८७४/०६६/०६७ Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279

## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस Care Professional Service Pvt. ltd (ई.प.नं.१३०८/०७४/०७५)मा Tara Bahadur Tamang(Citizenship No. 305188/3083) ले Marketing Manager र Rashmi Shrestha(Citizenship No. 1/54348) ले Accountant पदमा यस प्रा. लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण उहाँहरूले राजीनामा दिनु भएको हुनाले निज व्यक्तिहरूसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**Care Professional Service Pvt.Ltd.**
श्रम इजाजत नं. १३०८/०७४/०७५
Dhumbarahi, Kathmandu, Nepal Phone : +997-1-4439821, 4417142
Fax: +977-1-4439821 E-mail: info@cpsn.com.np

## युएई/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : P G S GENERAL SECURITY GUARD SERVICES L.L.C.
पूर्व स्वीकृति मिति : २०७९/०५/१० पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/१७ LT. No. 270426 चलानी नं. ६०१९८००६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 3 | 0 | 1500 | ५३,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २४ गते (7th Feb. 2023) मा हुनेछ ।

कम्पनी : RWAKEZ AL OSTOURA CONTRACTING CO.
पूर्व स्वीकृति मिति : २०७९/१०/१७ LT. No. 280347 चलानी नं.६०१९५८३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
